# जंगली हात्तीबाट बच्ने उपाय

लेखक प्रकाश पौडयाल

नेपालको बिभिन्न भागमा जंगली हात्तीले सताउने गर्दछ। न्युन आय स्रोत भएका किसानको वाली नस्ट गर्ने, घर भत्काईदीने र कहीलेकाहीं ज्यानै लिने गर्दछ। बढ्दो जनसंख्या र वन अतीक्रमणले यस समस्या दिन प्रती दिन बडाउदै लगेको छ। हात्तीबाट हुने यस किसीमको क्षती बाट बच्न बिभीन्न उपाय गर्न सकिन्छ।

पहिलो उपाय माउरी पालन हो। हात्ती जतीसुकै ठुलो जनावर भएपनी यस्को सुड भित्रको छाला पातलो र कोमल हुन्छ जस्ले गर्दा यिनीहरु माउरी, बारुला, कमीला जस्ता साना प्राणीको टोकाई सहन सक्दैनन्। जंगली हात्तीबाट बच्ने यो उपाय सरल र आर्थीकरुपले समेत फाईदाजनक देखीन्छ। यसबाट किषकहरुले मह उत्पादन गरी दोहोरो फाईदा लिन सक्दछन्।

अर्को उपाय हो, स्पीकरको प्रयोग। यस प्रबिधीलाई अक्सफोर्ड विश्वबिधालयकी अनुसन्धानकर्ता लुसी कीगंले सफल सिद्य गरेकी छिन्। उनले अफ्रीकन कीलर बी को आवाजलाई रेकर्ड गरीन् र जंगली हात्ती नजीकलगी वजाईन्। करीव बाह् सेकेन्ड भित्र सबै हात्ती त्यहांबाट भाग्न थाले। उनको भनाई अनुसार यस प्रबिधीमा स्पीकर लाई प्रत्यक्ष देख्ने गरी नराखी कुनैरुखको हांगा भित्र प्वाल खोपेर राख्नु पर्दछ। यस प्रविधी नेपालमा प्रयोग गर्न एक दुईहजाररुपैयां मात्र लाग्दछ। विभीन्न ईटरनेट साईटबाट यस अफ्रीकन कीलर बी को आवाज डाउनलोड पनि गर्न सकिन्छ।

तेर्सो उपाय हो टेजर गनको प्रयोग। टेजर गनको प्रयोग बिशेष गरेर अमेरीकन र युरोपेली प्रहरीले प्रयोग गर्ने बन्दुक हो। यस बन्दुकबाट गोलीको सट्टा करेन्ट निस्कने गर्दछ। यस्ले हात्ती र मानीशदुवैलाई कुनै असर गर्दैन। यस्ले दीने करेन्टको झड्का मानीस वा जनावरलाई सहन गाह्रो पर्दछ। करीव पन्ध्र हजाररुपैया पर्ने यो प्रविधी प्रभावकारी भएपनी नेपाली किसानलाई महंगो पर्दछ। यदी हात्तीको संख्या घेरै छ भने टियर ग्यांसको पनी प्रयोग गर्न सकिन्छ। यसबाट बच्न किसान हरुले तारमा करेन्ट छाड्ने काम गर्दछन् जुन अत्यन्त जोखीम हुने गर्दछ। हालसालै यस बाट एकजनाको मृत्यु समेत भएको छ। तर हात्तीले दुख दियो भन्दैमा यस्लाई मार्ने वा चोट पुर्याउने जस्ता कार्य गर्नु हुदैन। यस

धर्तीमा बाच्ने अधीकार प्रत्येक प्राणीको बरावर हुन्छ। अर्को महत्वपुर्ण कुरा केहो भने, बैज्ञानीकहरुका अनुसार हात्तीको स्मरण शक्ती ज्यादै गहिरो हुन्छ जस्ले गर्दा एक पटक डराएर भगाउन सकेमा त्यस हात्तीले फेरी दुख्ख दिने संभावना कम रहन्छ।